तिनाउ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दोभान, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दोभान, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

प.स.: २०८३/८४

च.नं.: १६२

मितिः- २०८३।०५।१८

**प्राकृतिक स्रोत साधन उत्खनन तथा ओसारपसार गर्ने सवारि साधन सूचीकृत गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

यस तिनाउ गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र प्राकृतिक स्रोत साधनहरू (चुनढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा, माटो लगायतका नदीजन्य तथा खानीजन्य पदार्थहरू) को उत्खनन, सङ्कलन तथा ओसारपसार गर्ने कार्यलाई थप व्यवस्थित, पारदर्शी र कानुन बमोजिम नियमन गर्न आवश्यक भएकोले; यस गाउँपालिका क्षेत्रभित्र प्राकृतिक स्रोत साधन उत्खनन तथा ओसारपसारको कार्यमा प्रयोग हुने सम्पूर्ण सवारि साधनहरूलाई यस कार्यालयमा अनिवार्य रूपमा सूचीकृत (दर्ता) गराउनुपर्ने व्यवस्था गरिएको छ।

तसर्थ, यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यस गाउँपालिकाको कार्यालय (राजस्व शाखा) मा आई आ-आफ्ना सवारि साधन सूचीकृत गराउनुहुन सम्बन्धित सम्पूर्ण सवारि साधन धनी तथा व्यवसायीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको म्यादभित्र सूचीकृत नभएका सवारि साधनहरूलाई गाउँपालिका क्षेत्रभित्र प्राकृतिक स्रोत साधन उत्खनन तथा ओसारपसार गर्न पूर्ण रूपमा रोक लगाइने र अनुगमनका क्रममा बिना दर्ता सञ्चालन भएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही तथा जरिवाना हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**सूचीकृत गर्न आवश्यक पर्ने कागजातहरू:**

- सवारि धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- सवारिको अद्यावधिक नवीकरण भएको ब्लुबुक (सवारी दर्ता प्रमाणपत्र) को प्रतिलिपि।
- चालकको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को प्रतिलिपि।
- कार्यालयले उपलब्ध गराउने तोकिएको ढाँचाको निवेदन।

*(थप जानकारीको लागि यस गाउँपालिकाको राजस्व शाखामा सम्पर्क नं ९८४१८९०२३५ मा सम्पर्क गर्न सक्नुहुनेछ।)*

.....

दिनेश सारु

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत